जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक २६५ २०८२ साल जेठ १३ गते मंगलबार (27 May 2025 Tuesday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

यस अंक भित्र : २ पृष्ठमा : वर्ष २०८१ का अकल्पनीयः ... ३ पृष्ठमा : नेपालको आर्थिक वृद्धिदर ... ३ पृष्ठमा : नाइट क्लबको छत ...

# योजना अधिकृत सहितका ब्यक्तीले गल्ती स्विकारेपछी सरसफाईकर्मी काममा फर्के




**दैनिक समाचारदाता**
**राजविराज, १२ जेठ।**

राजविराज नगरपालिकाका योजना अधिकृतसहित तीन जनाले गल्ती स्विकारेपछी विगत पाँच दिनदेखी नगरमा थन्किएको फोहर सोमबारदेखी उठाइएको छ।

नगरपालिकाका कार्यबाहक नगर प्रमुख इसरत परविनले उनीहरु बिरुद्ध प्रहरीमा दिएको उजुरी फिर्ता तथा धर्नामा वसेका सरसफाईकर्मी समेत आन्दोलनका कार्यक्रम फिर्ता लिएपछी फोहर उठाउन थालिएको हो।

नगरपालिकाका योजना अधिकृत मनोज यादवसहित आरोपीत तीन जनाले गल्ती स्विकार्दै अब उपरान्त त्यस्तो गतिविधी नगर्ने प्रहरी समक्ष लिखित र मौखिक प्रतिबद्धता जनाएपछि कार्यवाहक नगरप्रमुख परविनले उजुरी फिर्ता तथा पाँच दिनदेखी लगातार धर्नामा वसेका सरसफाईकर्मीले आन्दोलन पनि रोकेका छन।

कार्यवाहक मेयर परवीनले पाँच दिन अघि कार्यालयमा उपद्रव मचाएका योजना अधिकृत यादवका साथै राजविराज १३ का गजेन्द्र यादव र राजविराज ९ का सुधिर यादवले अघिल्लो दिन आईतवार साँझ जिल्ला प्रहरी कार्यालयमा उस्थित भई प्रहरीका अधिकारीहरुको समेतको उपस्थितीमा गल्ती स्विकार्दै अब उपरान्त त्यस्तो गल्ती नगर्ने लिखीत र मौखिक प्रतिबद्धता जनाएपछि उनीहरु विरुद्ध यस अघि जिल्ला प्रहरी कार्यालयमा दिइएको सार्वजनिक भौतिक संरचनाको अनाधिकृत कब्जा, विनाश एवं आपराधीक उपद्रव मुद्दा सम्बन्धि उजुरी फिर्ता लिएको जानकारी दिईन।

योजना अधिकृत यादवले आफुहरुलाई समेत गाली गलौज र अभद्र ब्यवहार गरेको भन्दै सरसफाईकर्मी समेत काम छाडेर नगरपालिकाको प्रवेशद्वार मै कुचो थुपारेर धर्नामा वस्दै आएका थिए। जसकारण फोहर उठन नसकेर नगर दुर्गन्धित बन्दै गएको थियो।

सोमवार कार्यालय परिसर मै पुगेका योजना अधिकृत यादवले आन्दोलनरत सरसफाईकर्मीहरुसँग समेत गल्ती स्विकार्दै अब उपरान्त त्यस्तो गल्ती नहुने प्रतिबद्धता जनाएका थिए। त्यसपछी

*बाँकी अन्तिम पृष्ठमा*

# नवजात शिशुको शव फेला



**दैनिक समाचारदाता**
**राजविराज, १२ जेठ।**

सप्तरी जिल्लाको कञ्चनरुप नगरपालिका २ स्थित महादेवपट्टिमा सोमबार एक नवजात शिशुको शव फेला परेको छ।

स्थानीय भित्री बाटो छेउको खेतमा कपडाले बेरेर फालिएको अवस्थामा नवजात छोरीको शव फेला परेको प्रहरीले जनाएको छ।

इलाका प्रहरी कार्यालय कञ्चनपुरका अनुसार ७ देखि ८ महिनाको शिशु रहेको र २/३ दिनभित्र त्यहीँ फालिएको हुनसक्ने प्रारम्भिक अनुमान गरिएको छ।

शवलाई कानुनी प्रक्रिया पूरा गरी पोस्टमार्टमका लागि राजविराजस्थित गजेन्द्र नारायण सिंह अञ्चल अस्पताल पठाइएको छ। हाल घटनाको विस्तृत अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ।

# मन्त्री लेखीद्वारा चार पूर्वाधार विकास योजनाहरूको शिलान्यास र दुई योजना निरीक्षण



**दैनिक समाचारदाता**
**राजविराज, १२ जेठ।**

मधेश सरकारका गृह, सञ्चार तथा कानूनमन्त्री राजकुमार लेखीले सप्तरीस्थित सप्तकोशी र कञ्चनरुप नगरपालिकामा चार पूर्वाधार विकास योजनाहरूको सोमबार शिलान्यास तथा दुई योजना निरीक्षण गरेका छन्।

मधेश प्रदेशका प्रवक्ता समेत रहेका मन्त्री लेखीले सप्तकोशी नगरपालिका ८ स्थित शिव मन्दिर तथा गुठी प्राङ्गणमा मधेश सरकारको ५० लाखको लागतमा निर्माण हुन लागेको अतिथि भवन र सोही लागतमा निर्माण गरिने बाउण्ड्री पर्खाल योजनाको शिलान्यास गरेका हुन्।

त्यस्तै सप्तकोशी नगरपालिका ११, मलेठ पश्चिम टोलमा मधेस सरकारको २५ लाखको बजेटमा निर्माण गरिने धर्मशाला भवनको शिलान्यास, कञ्चनरुप नगरपालिका ५, पडेमरामा निर्माण हुन लागेको सामुदायिक धर्मशालाको शिलान्यास गरे।

यस्तै गृहमन्त्री लेखीले कञ्चनरुप नगरपालिका ७ स्थित भृकुटी माध्यमिक विद्यालयमा निर्माणाधीन नयाँ

*बाँकी अन्तिम पृष्ठमा*

# बरसाइत पर्व मनाइयो

**दैनिक समाचारदाता**
**राजविराज, १२ जेठ।**

पतिको दिर्घायुको कामना गर्दै सोमबार सप्तरीका महिलाहरुले बट सावित्री (बर साइत) पर्व धुमधामका साथ मनाएका छन्।

महिलाहरुले मनाउने चाँडपर्व अन्तरगत बट सावित्री (बरसाइत) पर्व पनि एक ठूलो पर्वको रुपमा रहेको छ।

बट सावित्री पर्व मनाउन बिहानैदेखी राजविराजसिथत भगवती मन्दिर प्राङ्गणमा रहेको बरको रुखमा पुजा गर्न उल्लेख्य संख्यामा महिलाहरुको भिड लागेको थियो।

यस्तै सदरमुकाम बाहिरका महिलाहरुले पनि बरको रुख तल सामुहिक रुपमा जम्मा भई यो पर्व धुमधामसँग मनाएका छन्।

पौराणिक कथा अनुसार राजा सत्यवानको मृत्यु हुँदा उनकी पत्नी सावित्रीले बरको रुख तल बसेर कठोर ब्रत गरी आजैकै दिन आफ्ना पतिको प्राण फर्काएको हुँदा महिलाहरुले आफ्ना पतिको दिर्घायुका लागि बट सावित्री पर्व मनाउने गरेको विभिन्न धार्मिक ग्रन्थहरुमा उल्लेख छ।

यो पर्व मनाउन बिहानै नुहाई धुवाई गरी नयाँ बस्त्र लगाई उपवास बसिन्छ। बरको रुखमुनी गाउँ गाउँका मैथिल महिलाहरु भेला भई पुजा गर्ने गर्छन्।

**घरभाडा चाहिएमा**

राजविराज नगरपालिकाको मुख्य बजार क्षेत्र मेनरोडमा पसल, संघ-संस्था, बैंक, बित्तिय संस्था, विमा कम्पनी लगायत प्रयोजनका लागि सटर तथा कोठाहरु भाडामा चाहिएमा समपर्क गर्नुहोस्।
राजविराज ४
९८४२८२१०८२, ९८१९७२५०८२

**नसर्ने रोगबाट बच्ने उपाय।**

- धूमपान र मद्यपान नगरौं,
- दैनिक शारीरिक व्यायाम गरौं,
- मानसिक तनावबाट मुक्त रहौं,
- अस्वस्थकर खानपान र जीवनशैली नअपनाऔं,
- स्वस्थकर र सन्तुलित भोजन गरौं,
- नियमित स्वास्थ्य जाँच गरौं,

समयमै नसर्ने रोगको जाँच गराऔं, स्वस्थ र दीर्घ जीवन बाँचौ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## सरोकारबाला निकायको ध्यानाकृष्ट हुनु जरुरी

सुर्य अस्त नेपाल मस्त भन्ने उखान अहिले सप्तरीमा मेल खाएको छ। जिल्लाको विभिन्न स्थानमा अवैध मदिरा पसल खुल्ने क्रम बढ्दो छ। साँझ पर्ने बितिकै मदिरा सेवनकर्ताहरुको भिड लाग्ने गर्छ। यो संख्या जिल्लाको ग्रामिण भेगमा मात्र नभएर सहरी क्षेत्रमा समेत बढ्दो छ। सम्बन्धीत निकायले अनुगमन तथा नियन्त्रणको प्रयास गर्न नसक्दा अहिले अवैद्य मदिरा पसल खुल्ने क्रम बढ्दो छ। धुम्रपान, मध्यपान स्वास्थ्यको लागि हानिकारक रहेपनि अहिले जिल्लाको विभिन्न स्थानमा मदिरा सेवन गर्ने खासगरी युवाहरुको संख्यामा ठूलै बृद्धि भएको छ।

जिल्लामा सबैभन्दा बढी फस्टाएको ब्यापार मध्ये एक हो मदिरा पसल। मदिरा पसल गर्ने ब्यापारीहरु मदिरा बिक्रि वितरण गरेर दिनहुँ राम्रो आम्दानी गर्ने गरेका छन्। तर आम्दानी राम्रो भए पनि युवाहरुको भविष्य भने अन्धकारतर्फ धकेलिदै छ। बेलुका हुने बितिकै विभिन्न स्थानमा रहेका मदिरा पसलहरु भरीभराउ हुनेगर्छ। जसले गर्दा हो-हल्लाह हुने गरेका घटनाहरु सार्वजनिक भएकै हो। यसले अपराधका घटनाहरुमा बृद्धि हुने सम्भावना पनि उत्तिकै छ। मदिराले मात्तेर झगडा, कुटपिट तथा अन्य आपराधिक घटना हुने गरेको प्रहरी तथ्याङ्कले देखाएको छ।

कुनै पनि व्यापार सानो ठूलो वा नराम्रो हुँदैन्। तर अवैध मदिरा पसल संचालनले भने निकै बिकृती, बिसंगति बढाउने गरेको छ। यसलाई नियन्त्रण गर्ने निकायको ध्यानाकर्षण हुनु जरुरी छ। अवैध मदिरा पसलहरुको पहिचान गरी अबिलम्ब बन्द गर्ने तर्फ स्थानीय प्रहरी प्रशासन तथा सम्बन्धित निकायको ध्यान पुग्नु आवश्यक छ। तसर्थ युवाहरुलाई मदिरा सेवनको कुलतबाट बचाउन सबै सरोकारबाला निकायको ध्यानाकृष्ट हुनु पनि उत्तिकै आवश्यक छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# उद्योगमा ऊर्जा दक्षताको सफल अभ्यास

**कृष्ण अधिकारी**
काठमाडौं, १२ जेठ (रासस)।

आर्थिक विकासको मेरुदण्ड भनेकै औद्योगिक विकास हो। औद्योगिक क्षेत्रमा अत्याधुनिक उपकरण र प्रविधिको प्रयोग गरेर कम विद्युत् खपत गरी ऊर्जा दक्षता बढाउन सकिन्छ। उद्योगमा बिजुलीको खपत कम गर्नु भनेको जनशक्ति घटाउनु, असल अभ्यास थाल्नु, कामदारहरूलाई सुस्वास्थ्य एवं सुरक्षित राख्नु, मुनाफा बढाउनु र अन्ततः पर्यावरणीय स्वच्छतामै सकारात्मक योगदान पुऱ्याउनु हो।

दिगो विकासका लक्ष्य हासिल गर्न, हरितगृह ग्यास उत्सर्जन न्यूनीकरण गर्न, पर्यावरणीय असन्तुलन घटाउन तथा जलवायु परिवर्तनका नकारात्मक प्रभावहरूलाई न्यूनीकरण गर्नसमेत ऊर्जा दक्षताले महत्वपूर्ण योगदान पुऱ्याउँछ। उद्योगमा ऊर्जाको दक्षतापूर्वक उपयोग गर्ने हो भने २० प्रतिशत ऊर्जा बचत गर्न सकिन्छ। घर तथा व्यापारिक क्षेत्रमा कुनै अध्ययन नभए पनि १० देखि ३० प्रतिशतसम्म ऊर्जा बचत गर्न सकिने आकलन छ। यसै पनि ऊर्जा उत्पादनभन्दा ऊर्जा बचत तुलनात्मक रूपमा सस्तो र प्रभावकारी हुन्छ।

ऊर्जा दक्षताबाट रकमको बचत, ऊर्जा खपतमा कटौती, विद्युतीय आगलागीबारे पूर्वजानकारी, कुल लागत खर्चमा कटौती, काम गर्ने वातावरणमा सुधार, फोहोरको मात्रामा कटौती, प्राकृतिक स्रोतको संरक्षण र उत्पादनको गुणस्तरमा सुधारलगायतका फाइदा हुन्छ। ऊर्जा प्रयोगमा दक्ष उपाय अपनाउँदा उद्योगहरूले खपत गरिरहेको कुल विद्युत्मध्ये १० देखि ४२ प्रतिशतसम्म बचत गर्नसक्ने विभिन्न अध्ययनले देखाएको छ। एसियाली विकास बैङ्कले देशका एक सय औद्योगिक निकाय, कम्पनी र प्रतिष्ठानहरूमा गरेको अध्ययनले सिमेन्ट उद्योगमा ४२ प्रतिशतसम्म विद्युत् बचत गर्न सकिने देखाएको छ। यसबाहेक होटेलमा ३९ प्रतिशत, साबुन तथा रसायन उद्योगमा ३६ प्रतिशतसम्म ऊर्जा बचत गर्न सकिने देखिएको छ।

ऊर्जा उपयोगसँग सम्बन्धित उपाय, प्रविधि तथा उपकरणहरूको माध्यमबाट हुने ऊर्जाको कुशल उपयोग नै ऊर्जा दक्षता हो। त्यस्ता उपकरण, मेसिनले उद्योगमा स-साना परिवर्तन गरेर ऊर्जादक्षता हासिल गर्न सकिन्छ। सुरुमा उपकरण किन्दाको लागत तत्काललाई ठूलो देखिए पनि दक्ष ऊर्जा खपतले खर्चलाई व्यापक रूपमा घटाउनेछ। उदाहरणका रूपमा इँटाभट्टालाई लिन सक्छौं। सर्वाधिक ऊर्जा खपत गर्नेमध्ये चिम्नी इँटाभट्टामा सानो सुधारबाट पनि करिब ३५ प्रतिशतसम्म ऊर्जाबचत गर्न सकिने अध्ययनले देखाएको छ।

उद्योग र ऊर्जा एक अर्काका परिपूरक नै हुन्। ऊर्जाको मुख्य खपत हुने क्षेत्र भनेको उद्योग नै हो। औद्योगिक विकास आर्थिक समृद्धिको प्रमुख आधार हो भने ऊर्जा एक प्रमुख माध्यम हो। ऊर्जा बचाएर काम गर्न सक्यौं र अत्याधुनिक प्रविधिमैत्री बन्यौं भने आर्थिक भार निकै घट्नेछ। नेपालमा उद्योगको सङ्ख्या करिब ६० हजार छ। केन्द्रीय तथ्याङ्क विभागले गरेको राष्ट्रिय औद्योगिक सर्वेक्षणअनुसार औद्योगिक उत्पादन क्षेत्रमा मात्रै करिब ५७ हजार उद्योग सञ्चालनमा छन्। उद्योगमा पनि इँटा, फलाम, सिमेन्ट, डण्डी, धागो, साबुन, होटल, कागज र डेरी उद्योगले बढी विद्युत् खपत गर्छन्।

उद्योगमा दक्षतापूर्वक ऊर्जाको उपभोग गर्नका लागि सर्वप्रथम ऊर्जा परीक्षण जरुरी हुन्छ। ऊर्जा परीक्षण भनेको उद्योग व्यवसाय, भवन, अस्पताल, होटेल, प्रतिष्ठान आदिमा ऊर्जा बचतका लागि ऊर्जा खपतको निरीक्षण, सर्वेक्षण र विश्लेषण गरी उत्पादनमा कुनै नकारात्मक असर नपारी ऊर्जा लागत कम गराउने प्रक्रिया हो। ऊर्जा परीक्षणद्वारा उद्योग व्यवसायमा ऊर्जाको खपत कति भइरहेको छ र कसरी ऊर्जा बचत गरी दक्ष बनाउने भनेर उपाय निकालिन्छ। ऊर्जा परीक्षणले ऊर्जा बचतका साथै लागत कम गरी उत्पादन क्षमतामा वृद्धि गर्दछ।

### नेपालमा ऊर्जा दक्षताको प्रयोग

नेपालमा ऊर्जा दक्षताको प्रयोग अझै प्रारम्भिक चरणमै रहेको भए तापनि पछिल्लो केही वर्षहरूमा यसतर्फ ध्यान बढ्दै गएको छ। ऊर्जा आयातमा निर्भरता, जलविद्युत्को सीमित क्षमता र वातावरणीय चुनौतीहरूलाई दृष्टिगत गर्दै नेपालमा ऊर्जा दक्षताको प्रवर्द्धन अत्यावश्यक बन्दै गएको छ। खासगरी उद्योग क्षेत्रमा ऊर्जा दक्षताको आवश्यकता र महत्व अझ बढी रहेको छ। उद्योगमा ऊर्जा दक्षता भन्नाले उद्योगहरूले न्यूनतम ऊर्जाको प्रयोग गरेर अधिकतम उत्पादन हासिल गर्ने प्रक्रिया हो। यसले ऊर्जा बचत गर्नाका साथै लागत घटाउने, वातावरणमा पर्ने असर कम गर्ने र दिगो विकासमा टेवा पुऱ्याउने कार्य गर्दछ।

नेपालको संविधानले नै ऊर्जा दक्षतालाई विशेष महत्व दिएको छ। धारा ५१ मा 'नवीकरणीय ऊर्जाको उत्पादन र विकास गर्दै नागरिकका आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ तथा भरपर्दो ऊर्जाको आपूर्ति सुनिश्चित गर्ने तथा ऊर्जाको समुचित प्रयोग गर्ने' भन्ने उल्लेख छ। यसबाहेक औद्योगिक व्यवसाय ऐन, औद्योगिक नीति र जैविक ऊर्जा रणनीतिले पनि ऊर्जा दक्षतालाई सम्बोधन गरिएको छ। २०७५ मा जारी राष्ट्रिय ऊर्जा दक्षता रणनीतिले औद्योगिक क्षेत्रमा ऊर्जा दक्षताको सम्भावनाहरूलाई उजागर गरेको छ। नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी विधेयक संसद्मा पारित हुने प्रक्रियामा छ।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र नेपाल ऊर्जा दक्षता कार्यक्रम (निप) जस्ता संस्थाहरूले ऊर्जा अडिटमा सहयोग गर्दै आएका छन्। जर्मन विकास संस्था जिआइजेडको सहयोगमा सञ्चालन भएको यो कार्यक्रमले ऊर्जा दक्षता प्रवर्द्धनमा सहयोग पुऱ्याउँदै आएको छ।

उद्योगमा ऊर्जा दक्षता बढाउने विभिन्न उपायहरू हुन सक्छन्। ऊर्जा अडिटको माध्यमबाट उद्योगमा प्रयोग हुने ऊर्जा कहाँ कति खपत हुँदैछ भनेर अध्ययन गर्न सकिन्छ। पुराना मेसिन तथा उपकरणलाई ऊर्जा दक्ष प्रविधिसँग प्रतिस्थापन गर्ने, ऊर्जा व्यवस्थापन प्रणाली लागू गर्ने, उत्पादन प्रक्रियामा उत्पन्न हुने ऊर्जा वा खेर गएका वस्तुको पुनः प्रयोग गर्ने, ऊर्जा दक्ष अभ्यासमा कर्मचारीलाई प्रशिक्षित तुल्याउनेजस्ता कामहरू गर्न सकिन्छ। ऊर्जा दक्षता बढाउँदा उत्पादन लागतमा कमी, प्रतिस्पर्धात्मक लाभ, वातावरणीय असरमा कमी हुनाका साथै मुलुककै दिगो विकासमा योगदान पुग्दछ।

### सफल अभ्यास

केही ठूला उद्योगहरू (जस्तै सिमेन्ट, स्टिल, चिनी, इँटा उद्योगहरू) ले ऊर्जा अडिट गर्न सुरु गरिसकेका छन्। कतिपय उद्योगहरूले ऊर्जा अडिट तथा मूल्याङ्कन, ऊर्जा दक्ष प्रविधिको प्रयोग जस्तै : लिड बल्ब र ऊर्जा दक्ष विद्युतीय उपकरणहरूको प्रयोग गर्न थालेका छन्। इँटा उद्योगहरूमा जिगज्याग प्रविधि जडान गरी कोइला र इन्धनको खपत घटाइएको छ। केही औद्योगिक समूहले सोलार प्रणाली, बेस्ट हिट रिकभरी र इन्धन दक्ष बायलरहरू प्रयोग गर्दै आएका छन्।

पञ्चकन्या समूह मातहतको पञ्चकन्या स्टिल्सको कारखानाको परम्परागत भट्टी र अरू मेसिनहरूको ऊर्जा दक्षता प्रणालीअनुरूप स्तरोन्नति गरेपछि विद्युत् खपतमा कमी आउनाका साथै उद्योगको समग्र प्रभावकारितामा सुधार आएको छ। यसले जनशक्तिमाथिको निर्भरता घटेको छ। विद्युत् र जनशक्तिको खर्च घटेपछि स्वाभाविक रूपमा यसले कम्पनीको मुनाफा पनि बढाएको छ। पञ्चकन्या स्टिल्सले यो कार्य सन् २०१८ बाट अघि बढाएको हो। सुरुमा कम्पनीले आफ्नो कारखानाको ऊर्जा परीक्षण (इनर्जी अडिट) गराएको थियो र त्यसका आधारमा क्रमशः ऊर्जा बचतका विकल्प एवं लागत कम गरेको थियो। यसका लागि कम्पनीले रु दुई करोड ७६ लाख जुटाएको थियो भने जर्मनी सरकारको आर्थिक सहयोग तथा विकास मन्त्रालयबाट रु ७८ लाख अनुदान सहयोग पाएको थियो। ऊर्जा दक्षताको प्रणालीले उद्योगलाई आर्थिक लाभ मात्रै होइन, पर्यावरण मैत्री उद्योगका रूपमा आफूलाई स्थापित गराएको छ।

ऊर्जा दक्षता सम्बन्धमा यस्तै सुखद अनुभव केडिया अर्गनाइजेसनको पनि छ। अर्गनाइजेसनअन्तर्गतको सीताराम गोकुल मिल्सले पनि सन् २०१७ मा ऊर्जा परीक्षण गराएको थियो। त्यसअनुसार मुख्य विद्युतीय प्रणाली र प्रशोधन एकाइको स्तरोन्नतिपछि वार्षिक ४४ हजार किलोवाट घण्टा ऊर्जा र २७ हजार लिटर इन्धन बचत भएको छ। यस उद्योगलाई पनि जर्मनको आर्थिक सहयोग तथा विकास मन्त्रालयबाट रु ७६ लाख प्राप्त भएको थियो भने उद्योग आफैंले रु २० लाख लगानी गरेको थियो। यो लगानी तीन वर्षमै उठ्नाका साथै उद्योगको वार्षिक खर्चमा धेरै कमी आएको छ।

### ऊर्जा दक्षता प्रणालीको आवश्यकता

त्यसै पनि हाम्रा जलविद्युत् आयोजनाहरू 'रन अफ रिभर' प्रणालीमा आधारित छन्, जसले हिउँद/सुक्खायाममा जडित क्षमताका आधाभन्दा पनि कम विद्युत् उत्पादन गर्छन्। यतिखेर हाम्रो जडित जलविद्युत् उत्पादन क्षमता करिब तीन हजार ३०० मेगावाट मात्रै छभने त्यसको उपयोग पनि असाध्यै परम्परागत ढङ्गबाट भइरहेको छ। हिउँद लागेसँगै हाम्रो विद्युत्ले नपुग भई भारतबाट आयात गर्नु परिरहेको छ। बढी ऊर्जा खपत गर्ने कलकारखानाहरू पुरानै प्रणालीमा आधारित छन्, जसलाई स्तरोन्नति नगरेसम्म विद्युत्को माग कम हुन सक्दैन।

ऊर्जामा हाम्रो निर्भरता अझै पनि दाउरालगायतका परम्परागत प्राकृतिक स्रोतमै छ। त्यसपछि भनेको कोइला, जलविद्युत् र पेट्रोलियम इन्धनमा हो। जल तथा ऊर्जा आयोगको गत वर्षको तथ्याङ्कअनुसार दाउरालगायतका प्राकृतिक स्रोतको हिस्सा कुल ऊर्जा उपयोगमा ६४ प्रतिशत रहेको छभने पेट्रोलियम र कोइलालगायतका इन्धनको खपत २८ प्रतिशत छ। जबकि जलविद्युत् करिब पाँच प्रतिशत र वैकल्पिक ऊर्जा करिब तीन प्रतिशत मात्रै छ। राष्ट्रिय खपतका हिसाबले घरायसी प्रयोजनमै करिब ६१ प्रतिशत ऊर्जा खपत हुन्छ। त्यसपछि ऊर्जाको ठूलो अंश औद्योगिक एवं व्यावसायिक प्रयोजनमा २७ प्रतिशत, करिब साढे १० प्रतिशत ऊर्जा यातायात क्षेत्रमा उपभोग हुन्छ।

पछिल्लो समय बिजुलीका परम्परागत चिमभन्दा सिएफएल र एलइडी प्रविधिका चिम प्रयोगमा आएकाले ऊर्जा दक्षता अभियानलाई केही फाइदा पुगेको छ। केही वर्षयता बिजुलीबाट चल्ने निजी र सार्वजनिक सवारीसाधन बढिरहेकाले पेट्रोलियम पदार्थको आयात घट्न गई वैदेशिक व्यापारको स्थितिमा केही सुधार आएको छ। गत पुसको पहिलो साता सार्वजनिक भन्सार विभागको तथ्याङ्कमा चालु आर्थिक वर्षको साउनदेखि मङ्सिरसम्मको पाँच महिनामा गत आर्थिक वर्षको यही

*बाँकी तीन पृष्ठमा*

